जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः ५२ पृष्ठः ४ | २०८३ जेठ ३१ आइतबार (Sunday 14 June 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## ट्रान्सफर्मर चोरीपछि सिरहाका किसान संकटमा

स्थानीयवासीका अनुसार सिरहामा पछिल्लो समय ट्रान्सफर्मर चोरीका घटना बढ्दै गएका छन्। जिल्ला प्रहरी कार्यालय सिरहाका प्रवक्ता एवं डीएसपी रमेश बहादुर पालले हालसम्म ट्रान्सफर्मर चोरीसम्बन्धी १५ वटा उजुरी प्राप्त भएको जानकारी दिए।



**सुरेश राय**

सिरहा, ३० जेठ। सिरहाको गोलबजार क्षेत्रमा सिँचाइका लागि प्रयोग हुँदै आएको विद्युत ट्रान्सफर्मर चोरी भएपछि किसानहरु प्रभावित भएका छन्। खेतीपातीको मुख्य समयमा विद्युत आपूर्ति अवरुद्ध हुँदा करिब ३ सय बिघा खेतीयोग्य जमिन बाँझो रहने जोखिम बढेको स्थानीय किसानहरूले बताएका छन्।

गोलबजार नगरपालिका-१३ दुर्गापुरस्थित सिमरा चौरमा जडान गरिएको ११ हजार भोल्ट क्षमताको ट्रान्सफर्मर बुधबार राति चोरी भएको थियो। स्थानीयका अनुसार उक्त ट्रान्सफर्मरबाट सिमरा चौर क्षेत्रका २ सयदेखि ३ सय किसानले सिँचाइका लागि विद्युत सेवा लिँदै आएका थिए।

स्थानीय किसान दुर्गेश कुमार सिंहले धान तथा अन्य बाली लगाउने तयारी भइरहेका बेला ट्रान्सफर्मर चोरी हुँदा किसानहरू समस्यामा परेको बताए। उनका अनुसार अहिले डिजेलबाट चल्ने पम्प वा अन्य स्रोतको सहारा लिनुपर्ने अवस्था बनेको छ, जसले खेतीको लागत बढाउनेछ।


किसान रामपृत यादवले खेतीपाती नै आफ्नो परिवारको मुख्य आम्दानीको स्रोत रहेको भन्दै ट्रान्सफर्मर चोरीले ठूलो असर परेको बताए। दुई बिघा जमिनमा खेती गर्दै आएको बताउने यादवले सिँचाइ अभावले उत्पादन प्रभावित हुने चिन्ता व्यक्त गरे। अर्का किसान लक्ष्मण यादवले खेतमा रोपाइँका लागि तयार गरिएको बीउसमेत पानी अभावका कारण नष्ट हुने अवस्था आएको बताए। उनले सिँचाइ सुविधा तत्काल पुनःस्थापना गर्न सम्बन्धित निकायसँग माग गरे।

प्रभावित किसानहरूले नेपाल विद्युत प्राधिकरण, स्थानीय तह तथा अन्य सम्बन्धित निकायलाई शीघ्र नयाँ ट्रान्सफर्मर जडान गरी सिँचाइ व्यवस्था सुचारु गर्न आग्रह गरेका छन्।

**विद्युतको प्राविधिक ज्ञान भएका व्यक्ति संलग्न हुनसक्ने अनुमान**

स्थानीयवासीका अनुसार सिरहामा पछिल्लो समय ट्रान्सफर्मर चोरीका घटना बढ्दै गएका छन्। पटक–पटक सम्बन्धित निकायलाई जानकारी गराउँदा पनि प्रभावकारी नियन्त्रण हुन नसकेको उनीहरूको

–बाँकी दुई पेजमा




GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

## तीन महिनाभित्र बालविवाहमुक्त वडा र पालिका घोषणा गर्न किशोरीहरूको माग



**मणिलाल विश्वकर्मा**

लहान, ३० जेठ। सिराहाको गोलबजारका किशोरीहरूले निश्चित तहको पढाइ सकेर सुरक्षित भविष्य निर्माणका लागि तगारो बनिरहेको बालविवाह अन्त्य गर्दै कार्यविधि बनाएर तीन महिनाभित्र बालविवाहमुक्त वडा–पालिका घोषणाको माग गरेका छन्। गोलबजार नगरपालिकाको समन्वयमा १६ जेठमा सम्पन्न दोस्रो नगरस्तरीय सम्मेलनमा सहभागी किशोरी सञ्जालका अगुवाहरूले नगर प्रमुख श्यामकुमार श्रेष्ठ र उपप्रमुख मान्ती साहलाई संयुक्त रूपमा बालविवाह अन्त्यसहित विभिन्न १० बुँदे मागपत्र बुझाएका हुन्। 'हाम्रो शिक्षा नरोकियोस्, हाम्रो विवाह कानुनी उमेरअघि नगरियोस्, हाम्रो आवाज पालिकाको योजनामा सुनियोस् र हाम्रो भविष्य सुरक्षित, सम्मानित र अवसरयुक्त बनाइयोस्' भन्दै उनीहरूले वडाको सिफारिसमा मात्र विवाह गर्न पाउने व्यवस्थाको माग गरेका छन्।

**विद्यालय भर्नादेखि लैंगिक सम्पर्क शिक्षकसम्म**

सञ्जालले विभिन्न कारणले विद्यालय छोडेका २० वर्षमुनिको उमेर समूहका किशोरीहरूको तीन महिनाभित्र पालिकाको शिक्षा शाखामार्फत तथ्यांक संकलन गरी पुनः विद्यालय भर्नामा सहयोग, जोखिममा रहेका किशोरीहरूका लागि छात्रवृत्ति, वैकल्पिक शिक्षा, सीपमूलक तालिम र संस्थागत विद्यालयले शुल्क तिर्न नसकेका विद्यार्थीहरुको स्थानान्तरण प्रमाण पत्र रोक्का गरी पढ्न पाउने अधिकारबाट वञ्चित गर्न नपाउने व्यवस्था गर्न आग्रह गरेका छन्।

त्यस्तै, गरिब, विपन्न, मुस्लिम, अपांगता भएका अभिभावक गुमाएका, बालविवाहको जोखिममा रहेका कम्तीमा एक सयजना किशोरीहरूलाई हरेक वर्ष पोसाक, कापी कलमसहितको छात्रवृत्ति, संस्थागत शिक्षण संस्थाहरूमा १० प्रतिशत छात्रवृत्ति अनिवार्य गरिनुपर्ने उनीहरूको माग छ। पालिकाअन्तर्गतका विद्यालयहरूमा छ महिनाभित्र भेद्भावरहित, यौन हिंसा, दुर्व्यवहारमुक्त वातावरण, अपांगतामैत्री, किशोरीमैत्री शौचालय, सुरक्षित पानी, महिनावारी स्वच्छता सामग्री र गोपनीयतासहित लैंगिक सम्पर्क शिक्षकको व्यवस्था गरिनु पर्ने मागपत्रमार्फत आग्रह गरिएको छ।

विशेष गरी मधेशका जिल्लाहरूमा भयावह बन्दै गएको

–बाँकी तीन पेजमा

## बिल-बिजकको प्रयोग अनिवार्य गरौं।

- हरेक खरिदमा अनिवार्य रूपमा बिल/रसिद मागौं,
- कानुनी रूपमा मान्य बिल–बिजक जारी गरौं,
- बिल बिना कारोबार नगर्ने/नगराउने बानी बसालौं,
- कर प्रणालीलाई पारदर्शी र व्यवस्थित बनाउन सहयोग गरौं,
- उपभोक्ता अधिकार संरक्षणका लागि बिल सुरक्षित राखौं,
- कर छलि र अनियमितता अन्त्य गर्न सचेत बनौं,
- डिजिटल बिलिङ प्रणालीको प्रयोग बढाऔं,
- जिम्मेवार नागरिक भई इमानदारीपूर्वक कारोबार गरौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## गाँजासहित उमेश पक्राउ

सिरहा, ३० जेठ। सिरहा प्रहरीले करिव २१ किलो अवैध गाँजासहित एक जनालाई सुखिपुरबाट नियन्त्रणमा लिएको छ। सुखीपुर नगरपालिका ८ सुखीपुर बजारबाट अवैध लागूऔषध गाँजा २० किलो ८ सय ९० ग्राम सहित धनगढीमाइ नगरपालिका १४ का ४९ वर्षीय उमेश कुमार आले मगरलाई शनिबार बिहान प्रहरीले पक्राउ गरेको हो। लागूऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालय गोलबजार समेतबाट खटिएको प्रहरीले स. ७ प ६६२७ नम्बरको मोटरसाइकलमा सवार उनलाई उक्त गाँजा सहित फेला पारी पक्राउ सिरहा प्रहरीले जनाएको छ। यस सम्वन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको जनाएको छ।

# सम्पादकीय

## लोकतान्त्रिक शासनप्रति माइतीघरका पालहरूको कटाक्ष

नागरिकले न्याय नपाएर रुनुपर्ने वा न्यायका लागि ज्यानको बाजी लगाउनुपर्ने शासन पद्धतिलाई 'लोकतन्त्र' भन्न विवेकले दिँदैन। यद्यपि, नेपाललगायत थुप्रै लोकतान्त्रिक शासन व्यवस्था भएका मुलुकमा अझै पनि निमुखाहरूले प्रायः न्याय पाउँदैनन्। न्यायका लागि चर्को स्वरमा आवाज उठाउनुपर्ने हुन्छ। काठमाडौंको माइतीघर मण्डलामा अहिले पनि आफूमाथि भएको अन्यायमा राज्यको ध्यानाकर्षण गर्न खोज्नेहरूको बाक्लै उपस्थिति छ। तीमध्ये धेरै आफूमाथि अन्याय भएको दाबीसहित धर्नामा बसेका हुन्। हालै नवनियुक्त गृहमन्त्री सुधन गुरुङले तिनलाई भेटेर उचित मागहरू सम्बोधन गर्ने आश्वासन दिएको समाचार सार्वजनिक भएको छ।

माइतीघरमा सत्याग्रह गर्नेहरूमा अस्पतालको लापरबाही पीडितदेखि, सहकारीपीडित, मिटरब्याजी पीडितलगायत विभिन्न अन्यायमा परेकाहरू रहेका छन्। यिनले न्याय किन पाएनन्रु प्रहरी प्रशासनका साथै न्यायपालिकासमेतको भूमिका कस्तो रहेको छरु भन्नेजस्ता प्रश्नहरूको उत्तर गम्भीरतापूर्वक खोजिनु न्यायोचित हुनेछ। यसअघि पनि सत्याग्रहका लागि माइतीघरमा धर्ना बस्ने, तिनलाई भेटेर आश्वासन दिने, कतिको माग पनि पूरा हुने र कतिले आश्वासनपछि धोका पाउने गरेको देखिन्छ। यसैले होला मन्त्रीको आश्वासनपछि पनि सत्याग्रहीहरूले धर्ना कायमै राखेका छन्। सरकारी अधिकारीमाथि विश्वास गरिहाल्न सकिने संस्कार बस्ने जो सकेको छैन।

नेपालमा सत्याग्रहको इतिहास विडम्बनापूर्ण छ। निरंकुश भनिएको जहानियाँ राणा शासन छँदा झ्यालखानामा परेका विश्वेश्वरप्रसाद कोइराला अनशन गर्दा मरणासन्न अवस्थामा रिहा गरिएका थिए। लोकतन्त्रात्मक गणतन्त्र घोषणा भएपछि सत्याग्रहीले अनशनमै प्राण त्याग गर्नुपरेको कलङ्कपूर्ण क्रूर उदाहरण छ। गोरखा फुजेलका नन्दप्रसाद र गङ्गामाया अधिकारी दम्पतीले बालक छोराका हत्यारामाथि कानुनबमोजिम कारबाहीको माग गर्दा उपेक्षा गरिएपछि काठमाडौंमा आएर न्याय माग्दै सत्याग्रह सुरु गरेका थिए। तत्कालीन प्रधानमन्त्री डा. बाबुराम भट्टराईको सरकारले सत्याग्रही अधिकारी दम्पतीलाई मानसिक अस्पताल पठायो। अधिकारी दम्पतीले सत्याग्रहलाई अझ सघन बनाएर आमरण अनशन थाले। अनशनरत रहँदैमा नन्दप्रसादले प्राण त्यागे।

यस्तो कलङ्कपूर्ण इतिहास भएको मुलुकका सत्याग्रहकै भरमा न्याय पाइन्छ भनेर सहजै पत्यार नलाग्नु अस्वाभाविक होइन। यसैले गृहमन्त्री गुरुङले धर्ना छाडेर फर्कन गरेको आग्रह उनीहरूले नमानेका होलान्। नयाँ सरकारले लोकतान्त्रिक संस्कार देखाउने हो भने सत्याग्रहीका माग सम्बोधन सुरु गरिहाल्ने र सत्याग्रहीलाई घर फर्कन सहजीकरण गर्ने काम एकैसाथ गर्न सक्छ। नागरिकले न्याय खोज्दा प्राणैसम्म त्याग गर्नु पर्ने हो भने त्यस्तो शासन व्यवस्थालाई नैतिकरूपमा लोकतन्त्र भन्न मिल्दैन। नेपालमा भने सामान्य नारिकमाथि अन्याय भएमा वा अन्यायकर्ता प्रभावशाली व्यक्ति भएमा प्रहरीले जाहेरीसमेत लिन मान्दैन। यसैले मानिस माइतीघर आइपुग्छन् गुहार माग्दै। स्मरणीय छ, कोही पनि रहरले सत्याग्रह, आमरण अनशनमा बस्दैन। यसैले राज्यले ती कमजोरहरूको आवाज पनि सुन्नु र सम्बोधन गर्नुपर्छ। नयाँ सरकार पनि विगतकै जस्तो संवेदनहीन र गैरजिम्मेवार नबनोस् ?

## ट्रान्सफर्मर चोरीपछि...

गुनासो छ। स्थानीय रामनारायण यादवले ट्रान्सफर्मर चोरीमा विद्युत प्रणालीसम्बन्धी प्राविधिक ज्ञान भएका व्यक्तिको संलग्नता हुन सक्ने आशंका व्यक्त गरे। उनका अनुसार उच्च भोल्टेज लाइनमा जडान गरिएको ट्रान्सफर्मर सामान्य व्यक्तिले हटाउन कठिन हुन्छ।

गोलबजार नगरपालिका–१३ का वडाध्यक्ष नन्दकुमार महतोले घटना थाहा पाएलगत्तै इलाका प्रहरी कार्यालय गोलबजार, नगरपालिका र नेपाल विद्युत प्राधिकरणलाई जानकारी गराइएको बताए। उनले किसानको समस्या समाधानका लागि सम्बन्धित निकायसँग समन्वय भइरहेको जानकारी दिए। उनका अनुसार अन्य माध्यमबाट समाधान हुन नसकेमा वडाले विद्युत विस्तारका लागि छुट्याएको बजेटबाट नयाँ ट्रान्सफर्मर जडानका लागि पहल गर्नेछ।

### ट्रान्सफर्मर चोरीसम्बन्धी १५ वटा उजुरी

जिल्ला प्रहरी कार्यालय सिरहाका प्रवक्ता एवं डीएसपी रमेश बहादुर पालले हालसम्म ट्रान्सफर्मर चोरीसम्बन्धी १५ वटा उजुरी प्राप्त भएको जानकारी दिए। उनका अनुसार नवराजपुर गाउँपालिका, बरियारपट्टी गाउँपालिका लगायतका स्थानीय तहबाट यस्ता उजुरी आएका छन्। डीएसपी पालका अनुसार उजुरीका आधारमा अनुसन्धान अगाडि बढाइएको छ र घटनामा संलग्न व्यक्तिको खोजी भइरहेको छ।

खेतीपातीको महत्वपूर्ण समयमा सिँचाइ सुविधा अवरुद्ध हुँदा कृषि उत्पादनमा असर पर्ने चिन्ता स्थानीयवासीले व्यक्त गरेका छन्। किसानहरूले तत्काल ट्रान्सफर्मर जडान गरी सिँचाइ व्यवस्था पुनः सञ्चालनमा ल्याउन सम्बन्धित निकायसँग माग गरेका छन्।

## सन्दर्भ विश्व आरोग्य दिवस

# आरोग्य नेपालः समृद्ध नेपालको यात्रा

**डा वैकुण्ठ अर्याल**

व्यक्तिको खुसी, सुख र आनन्दसँग जोडिएको शारीरिक, मानसिक र आत्मिक स्वस्थता नै आरोग्य हो। यो एक बहुआयामिक विषय हो। यसमा शारीरिक, मानसिक, वातावरणीय, सामाजिक, भावनात्मक र आध्यात्मिक/आत्मिक कुराहरू समावेश भएका हुन्छन्। मानिसलाई आरोगी हुन यी सबै आयामको सन्तुलन आवश्यक पर्दछ। मलाई औषधि खानुपरेको छैन, कुनै चिकित्सक वा स्वास्थ्यकर्मीको सेवा लिनुपरेको छैन, म अहिलेसम्म अस्पताल गएको छैन भन्नु मात्र आरोग्य होइन। यो त शारीरिक स्वस्थता मात्र हो। वास्तवमा आरोग्य मन, मस्तिष्क, शरीर, भावना र चेतनाको स्वस्थता हो। मानिसभित्रैदेखि आनन्दित नभई आरोगी हुन सक्दैन। तसर्थ, आनन्दको बाहिरी प्रकट रूप नै आरोग्य हो। अनि आरोग्य आनन्द हो।

### आरोग्य उद्योग र अर्थतन्त्र

ग्लोबल वेलनेस इन्टिच्युटले सन् २०२४ मा निकालेको प्रतिवेदनअनुसार संसारको आरोग्य अर्थतन्त्रको आकार ६.८ ट्रिलियन (६८ खर्ब) अमेरिकी डलर रहेको छ। विश्वभरको कूल स्वास्थ्य र चिकित्सा खर्चको ६० प्रतिशतको हाराहारीमा रहेको छ। दुई वर्षको बीचमा यसको आकार २१ प्रतिशतले बढेको देखिन्छ। सन् २०२९ सम्ममा यसको आकार ९.८ ट्रिलियन अमेरिकी डलर पुग्ने प्रक्षेपण गरिएको छ। आरोग्य रिसोर्ट, आरोग्य बासस्थानजस्ता कार्यमा हुने खर्च १९.५ प्रतिशतले र मानसिक आरोग्यका लागि हुने खर्चमा १२.४ प्रतिशतले वृद्धि भएको छ। नेपाल आरोग्य अर्थतन्त्रको सूचीमा ९१ औं स्थानमा रहेको (अर्थतन्त्रको आकार २.०२ अर्ब डलर रहेको, जसमा स्वास्थ्यसम्बन्धी खर्च समेत समावेश भएको) छ।

आरोग्य र आनन्द एउटै हो त भनने प्रश्न पनि उठ्ने गर्दछ। आरोग्य आनन्द हो भने आनन्द के हो त ? सबै मानिसले खोज्ने साझा कुरा हो– आनन्द। शास्त्रमा भनिएको छ, मानिस तीन प्रकारका तापबाट मुक्त भई सत् चित् आनन्द प्राप्त गर्न चाहन्छ र त्यसप्रति आकर्षित हुन्छ। शरीरभित्रबाट उत्पन्न हुने तापमा मानसिक चिन्ता, दुःख, इर्ष्या, क्रोध, अहँकार पर्दछ भने शरीरबाट उत्पन्न हुने तापमा घाउ, खटिरा, रोग आदि पर्दछन्। त्यस्तै अर्को आफूबाहेक अरुबाट उत्पन्न हुने चिन्तामा प्राकृतिक प्रकोप, अरुका वचनलाई लिन सकिन्छ।

यसैगरी भगवान् बुद्ध धम्मपदको २०४औँ श्लोकमा भन्नुहुन्छ, आनन्द प्राप्तिका लागि दिगो सुख चाहिन्छ, त्यही भएर त श्रीमद्भागवत गीताको छैटौँ अध्यायको २१औँ श्लोकमा श्रीकृष्ण भन्नुहुन्छ, जुन इन्द्रीय र बौद्धिक सुखभन्दा परको आत्यन्तिक (अन्त नभएको) सुख हुन्छ, त्यो मात्र दिगो हुन्छ, यस्तो सुख ध्यानयोगीले मात्र प्राप्त गर्दछन्। यी विभिन्न धर्मग्रन्थका उल्लेखित कुराहरूलाई अध्ययन गर्दा आनन्द कसरी पाइन्छ ? भन्ने प्रश्नको जवाफ प्राप्त हुन्छ। सबै मानिसको तीन लालसा हुन्छ– भौतिक सुख, स्वस्थ जीवन र खुसी। हाम्रा ऋषिमुनिहरू भौतिक सुखलाई त्याज्य मान्दथे, भौतिक सुखले मनको आनन्दमा पुऱ्याउँदैन भन्ने ठान्दथे आधुनिक युगमा भौतिक सुखलाई नै सर्वोपरि ठानिन्छ। यी दुवै अतिवाद हुन्, त्यसैले हामीले यी दुवै अतिवादबाट माथि उठेर आरोग्यको प्रवर्द्धन गर्नुपर्दछ।

वास्तवमा मानिसलाई रोग तीन प्रकारको खराबीले लाग्दछ। पेट खराब भएमा, खानासँग सम्बन्धित र छाती र छातीभित्रका अङ्ग खराब भएमा रोग लाग्दछ। शारीरिक परिश्रमसँग सम्बन्धित समस्यामा टाउको र टाउकोभित्रका अङ्ग खराब भएमा रोग लाग्दछ। मानसिक स्वास्थ्यसँग सम्बन्धितबाहेक शरीर बाहिरका घाउ, चोटपटक हुन्छन्, जसलाई सावधानीले नै हटाउन सकिन्छ। तसर्थ, शरीरको तीन भागलाई स्वस्थ राख्न सकियो भने बचाउन सकियो भने मानिस आरोगी बन्दछ। यसमा रोग लाग्नुभन्दा रोग लाग्नै नदिने अवस्था ल्याउनुपर्छ। समग्रमा आरोग्य तीन कुराको सम्मिश्रणबाट पाइन्छ। शारीरिक परिश्रम, स्वस्थकर खाना तथा योग र ध्यानले मानिसलाई आरोग्य राख्दछ।

### योग, ध्यान र आरोग्य

योग सर्वौषधि हो। संस्कृतमा श्लोक छ, योगले सीप बढाउँछ, दुःख नाश गर्छ, योगको अभ्यास गरौँ, योगीको जीवन जिऔँ। एक अध्ययनका अनुसार कोभिडपछि विश्वमा योग गर्नेको सङ्ख्या १४ प्रतिशत र ध्यान गर्नेको सङ्ख्या नौ प्रतिशतले बढेको देखाएको छ। हाम्रो हावापानी र वातावरण अनि यस्तो स्थानमा गरिने ध्यानले योगबाट पाइने लाभलाई कैयौँ गुणा बढाउँछ। योग शारीरिक आसन, श्वासप्रश्वास र ध्यानलाई एकीकृत गर्ने विधि हो। योगको महत्व बुझेर संयुक्त राष्ट्रसङ्घले प्रत्येक वर्ष २१ जूनलाई अन्तरराष्ट्रिय योग दिवसको रूपमा घोषणा गरेको छ।

ध्यान आद्रनो मन र मस्तिष्कलाई शान्ति र बोधतर्फ लैजाने माध्यम हो। ध्यानको महत्व उजागर गर्न संयुक्त राष्ट्रसङ्घले प्रत्येक वर्ष २१ डिसेम्बरलाई विश्व ध्यान दिवसको रूपमा घोषणा गरेको छ। उचित आहारविहार, प्रकृतिसँगको सामीप्यता, शारीरिक परिश्रम, मानसिक र आत्मिक शान्ति अनि ध्यान योगको प्रतिफल आरोग्य हो। आरोग्यको महत्त्व बुझेर संयुक्त राष्ट्रसङ्घले नेपालको प्रस्तावमा प्रत्येक वर्ष १५ अप्रिललाई अन्तरराष्ट्रिय आरोग्य दिवसको रूपमा मनाउने घोषणा गरेको छ।

### आरोग्यका लागि नेपालमा के छ ?

नेपालमा आरोग्यसँग सम्बन्धित हरेक वस्तु र सेवा पाइन्छन्। यही आरोग्यलाई केन्द्रमा राखेर हामीले अभ्यास गर्ने र अरुलाई सहयोग गर्न सक्नुपर्दछ। नेपालमा पर्यटनको प्रशस्त सम्भावना रहे पनि पटकपटक र निरन्तर प्रयास गर्दा पनि नेपालमा पर्यटकको सङ्ख्या अपेक्षित रूपमा बढ्न सकेको छैन। नेपाल भ्रमण वर्ष १९९८ र नेपाल पर्यटन वर्ष २०११ मा लिइएको लक्ष्य वर्षौंसम्म पूरा हुन नसकेको छैन।

त्यसैले केही प्रश्नको जवाफ खोज्नुपर्ने भएको समय आएको छ। हामीसँग अथाह सम्भावना र अवसर हुँदाहुँदै पनि हामीले यसको उचित विकास, प्रवर्द्धन र प्रचारप्रसार गर्न सकेनौँ कि ? अथवा हामीले पर्यटकीय सम्भावना र अवसरको प्राथमिकीकरण गर्ने जानेनौँ कि ? अथवा हामीले पर्यटकलाई नेपालमा के छ भनेर बुझाउनै सकेनौं कि ? अथवा हामीले हाम्रो पर्यटनको मूल तत्त्व नै पहिल्याउन सकेनौं कि ? यी प्रश्नहरूको सजिलो जवाफ छ नेपालको पर्यटनको सुस्पष्ट ब्राण्डिङ भएन। हामीले विगतमा सगरमाथाको देश भनेर पनि चिनाएकै हो, प्राकृतिक सौन्दर्यको धनी देश भनेर पनि चिनाएकै हो, भगवान् बुद्धको देश भनेर पनि चिनाएकै हो। तर हामीकहाँ उपलब्ध सबै सम्भावना र अवसरलाई एउटा मूल तत्वमा आबद्ध गर्दै ब्राण्डिङ चाहिँ गर्न सकेनौँ। त्यो मूल तत्त्व हो भनेको आरोग्य हो। पर्यटकले खोज्ने आरोग्यसँग सम्बन्धित हर चीज यहाँ उपलब्ध छन्, तिनको विकास र प्रवर्द्धनको खाँचो छ।

### आरोग्य पर्यटनको सम्भावना

एक ठाउँबाट अर्को ठाउँमा घुम्न जाने पर्यटकले तीन कुरा चाहन्छ– भौतिक सुख, सबल स्वास्थ्य र खुसी। यसका लागि हामीसँग प्रकृति, भौगोलिक र जैविक विविधता, धर्म, धार्मिक आस्था, सद्भाव र सहिष्णुता, संस्कृति र सांस्कृतिक सम्पदा, सामाजिक जनजीवन, रहनसहन र व्यवहार, कृषि उत्पादन, खाद्यशैली र स्वच्छ पानी, वन पैदावार, शिक्षा, स्वास्थ्य र खेल पर्यटनका लागि अनुकूल वातावरण रहेको छ। त्यति मात्र होइन, वैदिक खोज र अनुसन्धानका लागि उपयुक्तस्थल, सामग्रीको उपलब्धता तथा योग र ध्यानका लागि उपयुक्तस्थल र वातावरण पनि नेपालमा छ।

यी सम्भावनाहरूको उपयोग र प्रवर्द्धनका लागि सरकार, निजी क्षेत्र र सरोकारवाला निकायहरूबीच सहकार्यको खाँचो पर्दछ। आरोग्य पर्यटनलाई आर्थिक विकासको मुख्य कार्यसूचीका रूपमा पहिचान र विकास, नेपाललाई विश्व आरोग्य गन्तव्य बनाउने पहल, आरोग्य पर्यटन विकास, ब्राण्डिङ, प्रवर्द्धन र बजारीकरण, पर्यटन पूर्वाधार विकास गरी सहज पहुँचको व्यवस्था, सहज सार्वजनिक सेवा र शैक्षिक पाठ्यक्रममा योग र ध्यानका साथै आरोग्य पर्यटनका सामग्री र स्वास्थ्य सेवामा तीन तहका सरकारको भूमिका अझ बढी रहन्छ। खासगरी आरोग्यका क्रियाकलापहरूलाई बढाउन आरोग्य पर्यटन कूटनीति परिचालन, प्रदेश र स्थानीय तहमा रहेका पर्यटकीय गतिविधिहरूमा आरोग्य पर्यटनका क्रियाकलाप समावेश, आरोग्य पर्यटनका प्याकेजहरूको प्रवर्द्धन र प्रचारप्रसारमा जोड दिनुपर्ने हुन्छ।

यसमा निजी क्षेत्रको भूमिका पनि उत्तिकै महत्वपूर्ण रहेको हुन्छ। आरोग्य पर्यटनका वस्तु र सेवाको विकास, नेपाली उत्पादनको उपभोगलाई बढावा दिई प्रवर्द्धन, आरोग्य पर्यटनको प्रचारप्रसार र बजारीकरणमा सरकारसँग सहकार्य, पर्यटकीय क्षेत्रहरूमा सहज पहुँचको व्यवस्था गर्न निजी क्षेत्रले थुप्रै कामहरू गर्न सक्दछन्। सहज पर्यटकीय सेवा,पर्यटकीय प्याकेजिङका क्रियाकलापमा आरोग्य पर्यटनलाई जोडेर पनि हेर्न सकिन्छ। उदाहरणका लागि, पदयात्राको प्याकेजमा धार्मिक/सांस्कृतिक पर्यटनका साथै योग र ध्यान समेत समावेश गर्न सकिन्छ।

आरोग्य पर्यटनबाट नेपालले राम्रो लाभ लिनसक्ने अवसर रहेको छ। नेपाल आउने विदेशी पर्यटकको सङ्ख्या बढाएर ५० लाख पुऱ्याउन सकिन्छ। उनीहरूको औसत बसाई अवधि आरोग्य पर्यटनका कार्यक्रमबाट थप पाँच दिन कम्तिमा १५ दिन बनाउन सकिन्छ। पर्यटकको दैनिक औसत खर्च पनि बढाएर १५० देखि २०० अमेरिकी डलर पुऱ्याउन तथा पर्यटन क्षेत्रमा थप १० लाख रोजगारी सिर्जना हुनेछ। त्यतिबेला ट्राभल एण्ड ट्रेड कम्पिटिटिभनेस इण्डेक्समा नेपालको स्थान उल्लेख्य वृद्धि हुनेछ।

आरोग्यको महत्व उजागर गर्ने नेपालको पहल संयुक्त राष्ट्रसङ्घले स्वीकार गरेको र नेपाल सरकारले सन् २०२७ लाई आरोग्य वर्षका रूपमा मनाउने निर्णय गरेको छ। नेपाल आरोग्य वर्षको रूपमा मनाउने घोषणा गरेको र पर्यटन दशक मनाउने तयारी गर्दै गरेको सन्दर्भमा आरोग्य पर्यटनलाई नारा बनाई अगाडि बढ्न सकिने अवसर र सम्भावना रहेको छ। प्रत्येक अप्रिल १५ मा आरोग्य दिवस मनाएर मात्र नपुग्ने, साँच्चिकै आरोग्य प्रवर्द्धन गर्न हाम्रो पहल र निरन्तरको प्रयास आवश्यक पर्दछ।

# शृंखलाबद्ध आर्थिक अपराधको पर्दाफास

**नारायण काफ्ले/मित्र भण्डारी**



काठमाडौं, ३० जेठ। नेपालको वित्तीय अपराध अनुसन्धान इतिहासमै सबैभन्दा ठुलो र जटिल मानिएको एक प्रकरणले राज्य संयन्त्रलाई नै प्रभाव पारेको शृंखलाबद्ध आर्थिक अपराधको पर्दाफास गरेको छ। सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग र नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) ले संयुक्त रूपमा गरेको लामो अनुसन्धानपछि 'विवादास्पद व्यवसायी' दीपक भट्ट र व्यावसायिक घराना शङ्कर ग्रुपका उपाध्यक्ष सुलभ अग्रवालसहित २६ जनाविरुद्ध एक खर्ब सात अर्ब रुपियाँभन्दा बढीको बिगो दाबी सहित विशेष अदालतमा मुद्दा दायर गरिएको हो। सिआइबीले यसै प्रकरणमा भट्ट र अग्रवालसहितका ४० जनाविरुद्ध साढे तीन अर्बको बिगो माग गरी मुद्दा दायरका लागि दुई साताअघि नै छुट्टै सिफारिस गरिसकेको छ।

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका निर्देशक उत्तमकुमार घिमिरेका अनुसार बिमा, धितोपत्र, बैङ्किङ तथा विदेशी विनिमयसम्बन्धी चार वटा कसुर अभियोगमा विशेष अदालतमा मुद्दा दायर गरिएको हो। विभागको अनुसन्धानमा उक्त सङ्गठित गिरोहले योजनाबद्ध रूपमा गरेको आर्थिक अनियमितता र जालसाजीपूर्ण कारोबार गरेको खुलेको छ। सम्पत्ति शुद्धीकरण विभागले २६ जना प्रतिवादीमाथि एक खर्ब सात अर्बभन्दा बढी रुपियाँ बिगो दाबी गर्दै शुक्रबार विशेष अदालतमा मुद्दा दायर गरेको हो। जसमा व्यवसायी, बिमा तथा वित्तीय क्षेत्रसँग जोडिएका व्यक्तिहरू तथा कम्पनीका सञ्चालकहरूलाई प्रतिवादी बनाइएको छ। अभियोगपत्र अनुसार प्रतिवादीहरूबाट फरक फरक रकम बराबरको बिगो माग गरिएको छ।

दीपक भट्टमाथि सबैभन्दा बढी २६ अर्ब ६३ करोड २७ लाख ७१ हजार ५९ रुपियाँ बराबरको बिगो दाबी गरिएको छ। त्यसै गरी सुलभ अग्रवालमाथि २५ अर्ब ६० करोड, सन्दीप चाचन अग्रवालमाथि १४ अर्ब ६० लाख, मनोजकुमार लाल कर्णमाथि सात अर्ब २२ करोड, साहिल अग्रवालमाथि छ अर्ब साढे चार करोड, हिमालयन रि-इन्स्योरेन्सका सञ्चालक तथा सम्बन्धित पदाधिकारीमाथि दुई अर्ब ७३ करोड, ऋषिराज मोरमाथि तीन अर्ब ७९ करोड, सुभी अग्रवालमाथि चार अर्ब, मदन दाहाल र शरद ओझाविरुद्ध साढे तीन अर्ब रुपियाँ बिगो दाबी गरिएको छ।

अन्य प्रतिवादीमध्ये कृषभ अग्रवालमाथि ३३ करोड, राजकुमार मोरमाथि साढे २७ करोड, प्रतापमान श्रेष्ठमाथि पौने २४ करोड, शङ्करलाल अग्रवालमाथि २१ करोड, नेपाल माइक्रो इन्स्योरेन्सका सञ्चालक आशिष श्रेष्ठसहित तीन जनामाथि ६० करोड र हिमालयन रि-इन्स्योरेन्सका कार्यकारी निर्देशक उपासना पौडेलसहित चार जनामाथि छ अर्ब चार करोड रुपियाँ बिगो दाबीसहित मुद्दा दायर गरिएको छ। त्यस्तै राजबहादुर सिंहमाथि एक अर्ब ४१ करोड, सुमेरशमशेर जबरामाथि करिब एक अर्ब २७ करोड, नरेशकुमार रोकामाथि ११ करोड ९० लाख र चिरायु भण्डारीमाथि ४० करोड ५० लाख रुपियाँ बिगो माग गरिएको छ। त्यसै गरी सुरेन्द्र थापामाथि चार करोड ९० लाख, रामकुमार यादवमाथि चार करोड २० लाख, रोहित गुप्तामाथि ५२ करोड ५० लाख रुपियाँ तथा रितेश प्रधानविरुद्ध ३७ करोड रुपियाँ बिगो दाबी गरिएको छ।

**बजारभित्रै बनेको 'अदृश्य नेटवर्क'**

छुट्टा छुट्टै अनुसन्धान प्रतिवेदनले औँल्याएका मुख्य विषयहरूमा विभिन्न सूचीकृत तथा सम्बन्धित कम्पनीमार्फत सङ्कलित रकमलाई सेयर बजारमा प्रवाह गरी कृत्रिम माग सिर्जना गर्ने, मूल्य अस्वाभाविक रूपमा उचाल्ने र सम्भावित कारोबारमार्फत बजार नियन्त्रण गर्ने प्रयास गरेको पाइएको छ। साधारण लगानीकर्ताले देख्ने सेयर बजारको उतारचढाव केवल स्वाभाविक नभई योजनाबद्ध रूपमा गरिएको अनुसन्धानबाट खुलेको छ। त्यसै संरचनाभित्रबाट लगानीका नाममा प्रवेश गरेको रकमलाई पुनः संरचना गर्दै वैध देखाउन ठुलो आर्थिक कारोबारले आर्थिक क्षेत्र नै तरङ्गित हुने अवस्थामा पुगेको छ।

यसरी अदृश्य रूपमा मुलुकको आर्थिक प्रणालीलाई नै कब्जा गर्ने गरी केवल आर्थिक र सेयर कारोबार मात्र नभई बिमा, बैङ्किङ तथा धितोपत्र बजारलाई नै पकडमा पार्ने डरलाग्दो प्रपञ्च सङ्गठित रूपमा हुनु र लामो समयदेखि राज्यसत्तामा रहेकाहरू मौन देखिनुले थप संशय पैदा गरेको छ।

सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ अनुसार मुख्य प्रतिवादी दीपक भट्ट, सुलभ अग्रवाल र अन्य प्रतिवादीले प्रतिस्पर्धी कम्पनीका सेयर ठुलो परिमाणमा खरिद गरी कृत्रिम माग सिर्जना गर्ने, मूल्य बढाउने र पछि संरचनागत रूपमा कारोबारलाई व्यवस्थापन गर्ने शैली प्रयोग गरेको र प्रक्रियामार्फत प्रवाह भएको रकमलाई विभिन्न तहमा सेटलमेन्ट र संरचना परिवर्तन गरेर वैध कारोबारको स्वरूप दिइएको खुलेको छ। सिआइबीको छुट्टै अनुसन्धान प्रतिवेदनमा पनि समान प्रकृतिका आर्थिक हिनामिनाको निष्कर्ष निकालिएको छ। समन्वित कारोबार, अस्वाभाविक सेटलमेन्ट र बजार नियन्त्रणको प्रवृत्ति दुवै निकायको अनुसन्धानमा समान देखिएका छन्।

पूर्वप्रहरी महानिरीक्षक हेमन्त मल्लले यस प्रकरणलाई राजनीतिक आडमा गरिएको ऐतिहासिक वित्तीय अपराधमाथिको अनुसन्धान सफलताको रूपमा व्याख्या गर्दै अदालतमा पुगेको यो चरणलाई सुशासनतर्फको महत्वपूर्ण मोडका रूपमा लिनुपर्ने बताए। उनले भने "अब यो प्रकरण केवल अनुसन्धानको विषय मात्र नभई कानुनी परीक्षणको कठोर प्रक्रियामा प्रवेश गरेको छ। जसले मुलुकको वित्तीय अपराध नियन्त्रण प्रणालीलाई थप सशक्त बनाउने छ।" राजनीतिको आडमा अदृश्य रूपमा राज्य दोहन गर्नेहरू भविष्यमा निरुत्साहित हुने र यसले मुलुकमा सुशासन कायम गर्न ठुलो सहयोग पुग्ने उनले बताए।

# बर्दिबासमा स्थिति तनावग्रस्त, प्रहरीद्वारा अश्रुग्यास प्रहार



**रवीन्द्र उप्रेती**

बर्दिबास, ३० जेठ। शुक्रबार रातिदेखि तनावग्रस्त बनेको बर्दिबास नगरपालिका-१२, विजलपुरा क्षेत्रस्थित डाँडाटोलमा अवस्था थप तनावपूर्ण बनेपछि स्थिति नियन्त्रणमा लिन प्रहरीले अश्रुग्यास प्रहार गरेको छ प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले शनिबार बिहान अवस्था थप तनावपूर्ण बनेपछि करिब १० बजे प्रहरीले तीन सेल अश्रुग्यास प्रहार गरेको जानकारी दिनुभयो।

उहाँका अनुसार घटनास्थलमा तोडफोड र अराजकता बढेपछि प्रहरीले तीन सेल अश्रुग्यास प्रहार गरेको हो। उहाँले भन्नुभयो, "अहिले बिजलपुराको अवस्था तुलनात्मक रूपमा सामान्य भएको छ घटनास्थलमा सुरक्षा व्यवस्था कडा पारिएको छ।" अश्रुग्यास प्रहारपछि भिड केही समय तितरबितर भए पनि पुनः भिड जम्मा भएको छ भिड बढ्दै जाँदा प्रहरीलाई घटनास्थलको मुचुल्का गर्नसमेत कठिनाइ भएको छ।

विवाहित महिलाको शङ्कास्पद रूपमा घरभित्रै पासो लगाएर मृत्यु भएको घटनालाई लिएर शुक्रबार रातिदेखि डाँडाटोल तनावग्रस्त बनेको हो। राति नै घटनास्थल पुगेका माइती पक्षले ढुङ्गामुढा, तोडफोड तथा आगजनी प्रयास गरेपछि स्थिति झन् तनावपूर्ण बनेको थियो। प्रहरी र सशस्त्र प्रहरीको टोलीले रातिदेखि नै घटनास्थललाई सुरक्षा घेरामा राखेको छ। प्रहरीका अनुसार शुक्रबार करिब ८ बजे डाँडाटोल निवासी शशी सिंहकी २५ वर्षीया श्रीमती रिंकुकुमारी सिंह आद्रनै दुईतले पक्की घरको सुत्ने कोठामा सिलिङ द्रयानमा सलको पासो लगाएको अवस्थामा मृत फेला परेकी हुन्।

माइती पक्षले भने रिंकुको घरका सासु, ससुरा र श्रीमान्ले कर्तव्य गरी हत्या गरेको आरोप लगाएका छन्। मृतक रिंकुको एक काखे छोरी रहेको छ। जानकारी पाएलगत्तै गौशाला नगरपालिका-११ कान्तिबजारबाट घटनास्थल पुगेका माइती पक्षले ससुरा रामबाबु सिंह, श्रीमान् शशी सिंह र सासुलाई पक्राउ गर्न माग गर्दै विरोध प्रदर्शन गरेका थिए। माइती पक्षको विरोधमा स्थानीयसमेत उत्रिएपछि स्थिति झन् तनावग्रस्त बनेको थियो।

आक्रोशित भिडले ससुरा रामबाबु सिंहको घरमा रहेको प्र.०४-००१ च. ०३१० नम्बरको कार, एउटा स्कुटरमा तोडफोड तथा आगजनी प्रयास गरेको तथा दुई तले घरमा ढुङ्गामुढा गरेको प्रहरीले जनाएको छ। स्थितिलाई नियन्त्रणमा लिन खोज्दा सुरक्षाकर्मीमाथि समेत ढुङ्गामुढा भएपछि केही सुरक्षाकर्मी सामान्य घाइते भएको जनाइएको छ। इलाका प्रहरी कार्यालय बर्दिबासका डिएसपी गुरुप्रसाद तिम्सिनाका अनुसार घटनास्थलबाट मृतकका श्रीमान् शशी सिंहलाई नियन्त्रणमा लिइएको छ।

तर माइती पक्ष तथा स्थानीयले फरार रहेका सासु र ससुरालाई पक्राउ नगरिएसम्म शव उठाउन र मुचुल्का गर्न नदिने अडान लिएका छन्। यस समाचार तयार पार्दासम्म डाँडाटोलको अवस्था सामान्य हुन सकेको छैन। माइती पक्षको समर्थनमा उभिएका स्थानीयले "हत्या नभएको भए सासु र ससुरा किन फरार भए रु" भन्ने प्रश्न उठाएका छन्। वडाध्यक्ष रामकिशोर साहले घटनाले गम्भीर प्रश्न उठाएको बताउनुभयो। उहाँले भन्नुभयो, "यस्ता दुखद घटना धेरै घरमा भएका छन्। हामी अवस्था

–बाँकी अन्तिम पेजमा

## *तीन महिनाभित्र...*

दाइजोको कारणले कैयन् नवविवाहित युवतीहरू अकाल मृत्युको मुखमा पुगिरहेकाले दाइजो प्रथा अन्त्य गर्न वर्षमा कम्तीमा दुईपल्ट अभिभावक, धार्मिक अगुवा, शिक्षक, युवा, विद्यार्थी, युवा, महिला समूह तथा जनप्रतिनिधहरूसँग सामुदायिक संवादमार्फत खबरदारी अभियान सञ्चालन गरिनुपर्ने उनीहरूको माग छ।

उनीहरूले पालिकाको वार्षिक कार्यक्रम तथा बजेटमा किशोरी सञ्जाललाई पनि समेटिनुपर्ने, हरेक वडा तथा नगर तहमा कम्तीमा दुईजना किशोरी प्रतिनिधिहरीको अर्थपूर्ण सहभागिता, मानसिक स्वास्थ्य तथा परामर्श सेवा, डिजिटल सुरक्षा तालिम, गोप्य उजुरी, सहायता प्रणाली तथा सुरक्षा आवासको व्यवस्थासँगै वार्षिक बजेट र अनुगमन गरी महिला सुरक्षा आवास स्थापना गरिनुपर्ने माग गरेका छन्। सञ्जाललाई आवश्यक सहजीकरण र सहयोगसहित पालिकामा मागपत्र बुझाइएको महिलाका लागि मुक्ति अभियान नेपाल गोलबजारले जनाएको छ।

**मधेशमा बढ्दो बालविवाह**

राष्ट्रिय जनगणना २०७८ को तथ्यांक अनुसार सिंगो मुलुकमा ३५.१ प्रतिशत बालिकाहरूको विवाह हुने गरेको र त्यसमा सबैभन्दा बढी मधेश प्रदेशअन्तर्गतका आठ जिल्लामा ४२.४ प्रतिशत रहेको अभियानका कार्यक्रम संयोजक विशेश्वर दासले बताए। उनका अनुसार गरिबी, अशिक्षाजस्ता कारणले बालविवाह भइरहेका मुख्य दक्षिण एसियाली मुलुकहरू बंगलादेश र भारतपछि नेपाल तेस्रो स्थानमा पर्छ।

जनगणनाअनुसार जिल्लामा पहिलोपटक विवाह गर्ने १० देखि १४ वर्षको उमेरमा विवाह गर्ने १४.४ प्रतिशत महिला र पुरुष ५.१ प्रतिशत छन्। त्यस्तै, १५ देखि १७ वर्षको उमेरमा विवाह गर्ने महिलाहरू ३९ प्रतिशत र पुरुष १६.८ प्रतिशत तथा १८ वर्ष देखि २० वर्ष नपुग्दै विवाह गर्ने महिला ४२.८ प्रतिशत र पुरुष ३८.६ प्रतिशत रहेको छ।

राष्ट्रिय तहमा भने पहिलोपटक विवाह गर्ने १० देखि १४ वर्षको उमेरका १०.२० प्रतिशत महिला र पुरुष ३ प्रतिशत, १५ वर्षदेखि १७ वर्षको उमेरमा विवाह गर्ने महिला ३०.४ प्रतिशत, पुरुष १२.३ प्रतिशत र १८ देखि २० वर्ष नपुग्दै विवाह गर्ने महिला ३५.९ प्रतिशत र पुरुष ३२.६ प्रतिशत छन्।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो।

# घरबाटो सिफारिस नपाउँदा वृद्धा अप्ठ्यारोमा, जग्गा विवादले परिवारमा हिंसा



**मणिलाल विश्वकर्मा**

लहान, ३० जेठ। सिरहाको लक्ष्मीपुरपतारी गाउँपालिका–१ रामपुर निवासी करिब ६५ वर्षीया देवकीदेवी ठाकुरले आफ्नो नाममा रहेको दुई कट्ठा जग्गाको घरबाटो सिफारिश वडा कार्यालयबाट नपाउँदा आर्थिक र पारिवारिक समस्यामा परेको गुनासो गरेकी छन्।

देवकीदेवीका अनुसार पाँच सन्तानमध्ये कान्छी छोरीको विवाहका लागि छोराहरू र बुहारीसँग पटक–पटक सहयोग माग्दा पनि खर्चको व्यवस्था नभएपछि उनले आफ्नो नामको जग्गा धितो राखेर ऋण लिने प्रयास गरेकी थिइन्। तर वडा कार्यालयले करिब डेढ वर्षदेखि घरबाटो सिफारिश नदिएको उनको आरोप छ। यसका कारण कान्छी छोरीको विवाहमा लागेको करिब पौने १० लाख रुपैयाँ ऋण तिर्न नसकेको उनले बताइन्।

देवकीदेवीका तीन छोराबाट जेठो र कान्छो विदेशमा तथा माहिलो काठमाडौंमा मजदुरी गर्दै आएका छन्। छोरीको विवाहका लागि आवश्यक खर्च जुटाउन परिवारबाट सहयोग नपाएपछि जेठी छोरी र ज्वाइँले ऋण सापटी गरेर रकम जुटाएपछि मात्र विवाह सम्पन्न भएको उनले बताइन्।

उनका अनुसार विवाह खर्चको ऋण तिर्न जग्गा धितो राख्न खोज्दा जेठी बुहारी सेनुदेवीले उक्त जग्गा आफ्नी आमाको नाममा पास गरिदिएपछि मात्र खर्चको हिस्सा तिर्ने सर्त राखेकी थिइन्। देवकीदेवीले त्यस प्रस्ताव अस्वीकार गरेपछि आफूलाई कुटपिट र गालीगलौज गर्ने गरेको आरोप लगाइन्। साथै, घरबाटो सिफारिस रोक्न वडाध्यक्षलाई प्रभावित पारेको समेत उनको दाबी छ।

स्थानीय अगुवा मो. मुजाहिदका अनुसार उक्त जग्गा सम्बन्धी विवाद गाउँस्तरमा पटक–पटक छलफल भए पनि समाधान हुन सकेन। उनले न्यायिक समितिमा परेको उजुरीका आधारमा जग्गा रोक्का गरिएको र पछि गाउँपालिका उपाध्यक्ष तथा न्यायिक समिति संयोजकको पहलमा फुकुवा गरिएको बताए। देवकीदेवीले फुकुवा भएको जग्गा छोरीको विवाहमा लागेको ऋण तिर्न दृष्टिबन्धक राखेको बताइन्। त्यसपछि 'हाम्रो हिस्साको जग्गा किन दृष्टिबन्धक राखियो' भन्ने विषयलाई लिएर परिवारमा विवाद भन्नु बढेको उनको भनाइ छ।

यही विवादका क्रममा २२ जेठ बिहान माहिली बुहारी रुनादेवीमाथि जेठी बुहारी र नातिले कुटपिट गरेको आरोप पनि लगाइएको छ। देवकीदेवीका अनुसार घटनामा रुनादेवीको टाउको र अनुहारमा चोट लागेको थियो र स्थानीय क्लिनिकमा उपचार गराइएको थियो। उता, परशुराम मण्डलले भने जग्गा सम्बन्धी विषय अंशियारबीचको विवादसँग जोडिएको बताए। उनका अनुसार उक्त जग्गामा तीन छोरा पक्षको पनि दाबी रहने भएकाले न्यायिक समितिमा उजुरी परेपछि अंशियारहरूको मौखिक आग्रहमा घरबाटो सिफारिश रोकिएको हो।

वडाध्यक्ष मण्डलले न्यायिक समितिको पत्रका आधारमा रोक्का रहेको जग्गा पछि फुकुवा भई दृष्टिबन्धक समेत राखिएको जानकारी आफूले पाएको बताउँदै त्यसपछि घरबाटो सिफारिश किन आवश्यक परेको हो भन्ने प्रश्न उठाए। परिवारभित्रको सम्पत्ति विवाद, घरबाटो सिफारिशको विषय र कुटपिटका आरोपले स्थानीय तहमा थप विवाद सिर्जना गरेको छ भने सम्बन्धित पक्षबीच सहमतिमार्फत समाधान खोज्नुपर्ने आवश्यकता देखिएको छ।

# मधेस सरकारको नीति : १ करोडभन्दा कमका योजना नराखिने, टुक्रे योजना निरुत्साहित गरिने

जनकपुरधाम, ३० जेठ। मधेस प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटमा टुक्रे योजनालाई निरुत्साहित गर्दै एक करोड रुपैयाँभन्दा कम लागतका योजना समावेश नगर्ने नीति लिएको छ। बिहीबार प्रदेश सभा बैठकमा अर्थमन्त्री युवराज भट्टराईले प्रस्तुत गरेको मधेस प्रदेश विनियोजन विधेयक, २०८३ का सिद्धान्त र प्राथमिकतामा यस्तो व्यवस्था गरिएको हो।

विधेयकमा सडक, ऊर्जा, सहरी तथा डिजिटल पूर्वाधारको विकासलाई एकीकृत दृष्टिकोणबाट अघि बढाइने उल्लेख गरिएको छ। टुक्रे आयोजनाभन्दा दीर्घकालीन महत्वका प्रादेशिक गौरव र बहुवर्षीय आयोजनामा स्रोत केन्द्रित गरिने सरकारको नीति छ। सरकारले अनुत्पादक खर्च कटौती गर्दै शून्य बेरुजुको नीति कडाइका साथ लागू गर्ने बताएको छ। सुशासनलाई नागरिकले प्रत्यक्ष अनुभूति गर्ने गरी राज्यलाई उत्तरदायी र प्रविधिमैत्री बनाइने तथा शासकीय सुधारका कार्यक्रम कार्यान्वयन गरिने अर्थमन्त्री भट्टराईले बताए।

कृषि क्षेत्रमा रहेको बिचौलिया संयन्त्र हटाई डिजिटल किसान परिचयपत्रमार्फत अनुदान रकम सिधै कृषकको बैंक खातामा जम्मा गरिने नीति लिइएको छ।स्वास्थ्यतर्फ प्रादेशिक अस्पतालहरूलाई गम्भीर रोगको उपचार सेवासहित सुविधा सम्पन्न शिक्षण अस्पतालका रूपमा स्तरोन्नति गरिने उल्लेख गरिएको छ। स्थानीय तहको सहलगानीमा नागरिक आरोग्य सेवा केन्द्र स्थापना गरिने तथा अति विपन्न, दलित र सीमान्तकृत समुदायको स्वास्थ्य बीमाको प्रिमियम प्रदेश सरकारले व्यहोर्ने गरी पूर्ण स्वास्थ्य बीमा अभियान सञ्चालन गरिने जनाइएको छ।

शिक्षा क्षेत्रमा विद्यालयहरूमा प्रविधिमैत्री बोर्ड जडान गरिने तथा प्रत्येक जिल्लामा एक आवश्यक नमुना विद्यालयको स्तरोन्नति गरिने नीति ल्याइएको छ। विज्ञान प्रयोगशाला र कम्प्युटर ल्याब स्थापना गरिने तथा प्रदेश सरकारको गौरवको आयोजना 'बेटी पढाउ, बेटी बचाउ' अभियानलाई परिमार्जन गरी विज्ञान र प्रविधि विषयमा छात्राहरूको आकर्षण बढाउन विशेष प्रोत्साहन छात्रवृत्तिको व्यवस्था गरिने उल्लेख गरिएको छ।

# एक दर्जन सुरुङमार्गको सम्भाव्यता अध्ययन र निर्माण गर्न ६८ करोड बजेट

काठमाडौं, ३० जेठ। पूर्वाधार विकास मन्त्रालयले आगामी आर्थिक वर्ष २०८३/८४ मा एक दर्जन सुरुङमार्गको सम्भाव्यता अध्ययन र निर्माणका लागि ६७ करोड एक लाख बजेट विनियोजन गरेको छ। हालै सार्वजनिक गरेको आगामी आर्थिक वर्षका लागि वार्षिक विकास कार्यक्रमअन्तर्गत सो योजना समावेश गरेको मन्त्रालयले जनाएको छ। मन्त्रालयका अनुसार निर्माणाधीन सिद्धबाबा सुरुङमार्ग निर्माणका लागि ५० करोड बजेट विनियोजन गरेको छ।

ग्वार्को सातदोबाटो एकान्तकुना द्रलाइओभरका लागि १२ करोड ६६ लाख छुट्याएको वार्षिक विकास कार्यक्रममा उल्लेख गरिएको छ। त्यसैगरी, सुरुङमार्ग विकास कार्यक्रमका लागि तीन करोड ७७ लाख ८० हजार बजेट छुट्याएको छ। मन्त्रालयले टोखा छहरे गुर्जु भन्ज्याङ सुरुङमार्गका लागि ११ लाख ४८ हजार बजेट विनियोजन गरेको छ। यस्तै, विभिन्न प्रस्तावित सुरुङमार्गहरुको सम्भाव्यता अध्ययनका लागि एक लाख ९० हजार बजेट छुट्याएको छ।

यस्तै, सुर्खेतको भेरी नदीदेखि बर्दियाको दानुवा तालसम्म सुरुङमार्ग अध्ययनका लागि पाँच लाख ६० हजार बजेट विनियोजन गरेको छ। उता दोलालघाट–चर्नावती सुरुङमार्गका लागि १८ लाख ९० हजार विनियोजन गरेको छ, भने हात्तीसार–बबई सुरुङमार्गका लागि सात लाख ५६ हजार छुट्याएको छ। खुर्को–चियाबारी सुरुङमार्गको अध्ययनका लागि तीन लाख ९२ हजार विनियोजना गरेको छ। यस्तै, शिवपुर भालुवङ्ग सुरुङमार्गका लागि तीन लाख ९२ हजार रकम छुट्याएको छ। रानीघाट–भुरीगाउँ सुरुङमार्गका लागि तीन लाख ९२ हजार बजेट छुट्याएको छ।

# वैकल्पिक भनिएका शक्तिहरू विचारशुन्य र विध्वंसात्मक बाटोमा लागे : डा. सीके राउत

काठमाण्डौ, ३० जेठ। जनमत पार्टीका अध्यक्ष डा. चन्द्रकान्त ( सीके) राउतले देशमा पछिल्लो समय स्थापित हुन खोजेका वैकल्पिक राजनीतिक शक्तिहरू विचारशुन्य र तर्कहीन बन्दै गएको बताउनुभएको छ। काठमाण्डौमा आज नयाँ शक्तिको स्थापना दिवसको अवसरमा आयोजित कार्यक्रममा बोल्दै उहाँले नयाँ पुस्तामा विचार र सिद्धान्तभन्दा पनि 'सेलेब्रिटी' प्रवृत्ति र विध्वंशप्रति आकर्षण बढेको टिप्पणी गर्नुभयो। राजनीतिमा विचार र नैतिकताको प्रधानता हुनुपर्नेमा जोड दिनुभयो। उहाँले अहिलेको राजनीतिक अवस्थालाई 'विचारशुन्य युग'को संज्ञा दिँदै सामाजिक सञ्जालमा हुने गालीगलौज र तर्कहीन बहसले लोकतन्त्रलाई कमजोर बनाइरहेको तर्क गर्नुभयो।




संसदीय व्यवस्था र लोकतान्त्रिक मूल्यमान्यतामा ह्रास आएको उल्लेख गर्दै उहाँले प्रधानमन्त्री संसदमा उपस्थित भएर जवाफ दिनुपर्ने अनिवार्य शर्त भएपनि सर्वसाधारणले त्यसलाई अनावश्यक ठान्ने परिस्थिति निर्माण हुनु दुःखद भएको बताउनु भयो। अध्यक्ष राउतले पछिल्लो समय राज्यले अवलम्बन गरेको डोजर संस्कृतिको पनि आलोचना गर्नुभयो। भौतिक संरचनाहरू भत्काउनुलाई विकास र शक्तिको प्रदर्शनका रूपमा बुझ्नु गलत भएको उहाँको भनाइ छ। पुरानो पुस्ताका नेताहरूले दशकौँ जेलनेल भोगेको र जनताको सेवामा समर्पित भएको भए पनि नयाँ पुस्ताले त्यसको मूल्याङ्कन गर्न छाडेको उहाँको विश्लेषण छ।

आफूहरूले प्रविधि र नयाँ जमानाको सञ्चार शैलीलाई आत्मसात गर्न नसक्दा पछाडि परेको स्वीकार गर्दै राउतले अब नयाँ पुस्ताको चाहनाअनुसार आफूलाई परिमार्जन गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो। विचार र सिद्धान्तविहीन राजनीतिले देशलाई कतै नपुऱ्याउने भन्दै उहाँले राजनीतिक दलहरूमा गम्भीर समीक्षाको खाँचो रहेको बताउनुभयो।

### बर्दिबासमा स्थिति ...

सामान्य बनाउन प्रयासरत छौं। तर घटनापछि परिवारका सदस्य फरार भएपछि शङ्का स्वाभाविक रूपमा बढ्छ।"

स्थानीयका अनुसार मृतक रिंकुकुमारीलाई वर्षदिनअघि श्रीमान् शशी सिंहले लुकीछिपी दोस्रो विवाह गरेपछि मानसिक तथा शारीरिक यातना दिँदै आएको आरोप छ। यही कारण परिवारमा विवाद र कलह बढेको तथा विरोध गर्दा हत्या गरिएको माइती पक्षको दाबी छ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकारः** कृष्ण प्रसाद दंगाल **कम्प्युटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा.-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ e-mail : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)